नेपाली इसाई मण्डली
सूचनापत्र
मासिक
भाद्र/आश्विन २०८२ (September 2025) वर्ष २८/अङ्क ३२१

# गुठी दर्ताको प्रसंग

- पाष्टर प्रेम श्रेष्ठ

प्रभुको स्तुति होस् करिब ६८ बर्षको नेपाली मण्डली इतिहास बोकेको नेइम (ज्ञानेश्वर चर्च) गत २०८२।४।१९ का दिन नेपाली इसाई मण्डली समुह (सार्वजनिक धार्मिक गुठी) को रुपमा नेपाल सरकारले प्रदान गरेको हक सुविधा उपभोग गर्ने हेतुले देवानी संहिता २०७४ को दफा ३१८ को उपदफा (१) बमोजिम दर्ता भई सम्पूर्ण सरकारी प्रक्रिया पूरा गरी गुठी दर्ता प्रमाण पत्र प्राप्त भएको छ । नेइम मण्डलीका सर्वोच्च निकाय कार्यकारिणीको २०८१।१०।८ गते तदानुसार जनवरी २१, २०२५ का दिन बसेको गुठी सम्बन्धी निर्णायक बैठकअनुसार नै डिकन सुरेन्द्र श्रेष्ठज्यूको नेतृत्वमा रहेको दर्ता टोलीले २८ महिना सम्मको अनवरत प्रयास र परमेश्वरको विशेष कृपाद्वारा यो कार्यमा प्रवेश गरेका छौं र अब आन्तरिक रुपमा मण्डलीको अभ्यासहरूमा धेरै कार्यलाई सुचारु गर्दै लान पनि परमेश्वरबाटको विशेष ज्ञान बुद्धि चाहिन्छ र हाम्रो निस्वार्थ समर्पणता र समझदारीमा सबै कार्य गर्न प्रभुको अगुवाइ चाहिन्छ ।

हुनलाई नेपालमा गुठीको इतिहास पाँचौ शताब्दीतिर विशेष काठमाडौंमा किराँत सभ्यता र लिच्छबी सभ्यतामा सामाजिक, आर्थिक, धार्मिक र दीनदु:खीको उत्थान, जमघट इत्यादि उद्देश्य राखेर शुरू भई १९औं शताब्दीतिर केही संकुचित र केही नयाँ परिभाषाका साथमा अघि बढेको देखिन्छ र इसाईहरू बाहेक अन्य धर्मावलम्बीहरूले अभ्यास गरिरहेको देखिन्छ । २०७२ सालमा आएको वर्तमान संविधानमा र २०७४ मा जारी भएको देवानी संहिताले प्रदान गरेको परिच्छेद ६ अन्तर्गत दफा ३१४-३५१ सम्मको प्रावधान र गिर्जाघर भनि किटेर नै लेखिएको कारण हामी मण्डलीलाई नेपाल सरकारमा वैधानिकता प्राप्त गर्न सहज भएको हो । नेइमका वरिष्ठ पाष्टर वीर बहादुर खवासज्यूको भनाइमा नेइमको संस्थापक मध्ये एकजना स्व. सुश्री ज्ञानी शाहज्यूले दशकौं अगाडि गुठीको बारे भन्नुभएको थियो रे "मण्डली एकदिन गुठी (Trusts) मा जानुपर्छ ।" त्यो सपना वा बोलीले आज मुर्त रुप लिएको छ ।

गुठी हामी सबैको लागि नयाँ अनुभव र नयाँ प्रयोग हो र अहिले सम्मको हाम्रो बुझाइ र विचारमा यो गुठी दर्तापछि विशेष ४ वटा क्षेत्रमा हामी लाभान्वित हुन्छौं वा त्यो भन्दा बढी पनि हुन्छौं मेरो विचारमा,

**१. मण्डलीले कानुनी बैधानिकता प्राप्त गर्छ ।**

यो भन्दा अगाडि हाम्रो कानूनी हैशियत व्यक्तिगत भएतापनि संस्थागत थिएन र मण्डली एउटा व्यक्तिगत कुरा जस्तो थियो, कुनै सरकारी कार्यालयले हामीलाई तिमी को हौ ? दर्ता खै ? भनी प्रश्न गर्ने गरिन्थ्यो र हाम्रा सबै इसाई विधीहरू, अभ्यासहरू जस्तै सुसमाचार, चेला निर्माण तालिम बप्तिस्माहरू अभ्यास गर्दा डराइ-डराइ गर्नुपर्थ्यो, अब हामीले, हाम्रा सबै अभ्यासहरूले वैधानिकता प्राप्त गरेको छ । प्रभुलाई महिमा होस् ।

**२. मण्डलीको चलअचल सम्पत्तिको सुरक्षा**

विश्वासीजनको मेहनत, परिश्रम, दृढ इच्छाशक्तिद्वारा आर्जन गरिएका, स्वेच्छाले मण्डलीलाई दिइएको सम्पूर्ण सम्पत्ति अब गुठीमा दाखिला गरिन्छ । कसैले खोस्ने, दुरुपयोग गर्ने कुराहरू हुन पाउँदैनन् र आउँदो पुस्तौं पुस्तासम्म सुरक्षित रहने निश्चयता हुनेछ, कारण त्यस्तो सम्पूर्ण सम्पत्ति गुठीमा रहन्छ । प्रभुलाई महिमा होस् ।

**३. मण्डलीको अचल सम्पत्तिलाई पुस्तैनी हक हस्तान्तरणको झन्झटबाट मुक्त**

हाम्रा मण्डली अग्रजहरूबाट बडो दु:ख र परिश्रमसाथ जोडिएको विशेष जग्गा-जमीनहरू एउटा पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दा हुने सबै प्रकारको सरकारी झन्झटबाट मुक्त होइन्छ । एकपटक विद्यमान भए-गरेका जग्गा-जमीन र भविष्यमा आर्जन गरिने, किनिने सम्पूर्ण जग्गा-जमीन स्वेच्छिक रुपमा राजीखुशीसाथ दिइने सम्पूर्ण जग्गा-जमीन एकपटक गुठीमा पास गरेर हस्तान्तरण पश्चात् विभिन्न प्रकारको आयकर, बढकर तथा अन्य करहरू मुक्त भई स्वतन्त्रतासाथ आफ्नो धार्मिक अभ्यासहरू गर्न पाउने कुराको ग्यारेन्टी हुन्छ । हक हस्तान्तरणको वा नामसारीको झन्झट सदाको लागि अन्त्य हुन्छ । प्रभुलाई महिमा होस् ।

**४. मण्डलीको भेटी दशांश र विशेष भेटीको सुरक्षा**

बुँदा नं. ३ मा प्रत्येक पटकको हक हस्तान्तरण गर्दा लाग्ने पास खर्च, बढकर तथा अन्य प्रक्रिया गर्दा खर्च - जोगिने

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती |
|---|---|---|---|---|---|---|---|
| **भाद्र २८ गते** September 13 | एल्डर रत्नमान महर्जन | डीकन कान्छा श्रेष्ठ | एल्डर दान ब. अधिकारी | डीकन राम ब. तामाङ्ग | श्री सुचन तामाङ्ग | एल्डर ग्रेस खालिङ | एल्डर सिमोन भण्डारी |
| **आश्विन ४ गते** September 20 | पाष्टर सिमोन पाठक | एल्डर राजु तामाङ्ग | एल्डर सुरेश पुर्कुटी | सुश्री शिला लामा | एल्डर मन ब. मगर | एल्डर शारोन रोंगोंग | पाष्टर रूबेन श्रेष्ठ |
| **आश्विन ११ गते** September 27 | श्री विष्णु देउला | श्रीमती माया तामाङ्ग | श्री प्रकाश श्रेष्ठ | एल्डर सिद्धि खालिङ | एल्डर पूर्ण सुनुवार | श्री स्टिफन राई | एल्डर श्रीलक्ष्मी सैंजु |
| **आश्विन १८ गते** October 4 | पाष्टर सिमोन पाठक | श्री सुचन तामाङ्ग | डीकन कुमार गज्मेर | डीकन सुबोध अधिकारी | श्री विजय तामाङ्ग | पाष्टर घनश्याम दाहाल | पाष्टर रूबेन श्रेष्ठ |

### नेइम जोरपाटी चर्च

| मिति | डाँछी | बैंसीगाउँ | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | कपन | फलेडाँडा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **भाद्र २८ गते** September 13 | एल्डर गोपी राई | पाष्टर प्रेम श्रेष्ठ | डीकनेस् सलोमी दों | एल्डर राज गुरूङ्ग | एल्डर दानियल सापकोटा | एल्डर कृष्ण श्रेष्ठ | डीकन उमेश मगर | श्रीमती देवकी जिरेल | एल्डर पेशल राई | श्री सविन परियार |
| **आश्विन ४ गते** September 20 | एल्डर पेशल राई | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | डीकन पवन सुनुवार | एल्डर कृष्ण तामाङ्ग | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | डीकन गोपाल नगरकोटी | एल्डर गोपी राई | डीकन गोविन्द नगरकोटी |
| **आश्विन ११ गते** September 27 | एल्डर राज गुरूङ्ग | एल्डर सागर थापा | श्री आशुतोष नगरकोटी | डीकन राजु नगरकोटी | श्री टुम्बल डोटेल | एल्डर कृष्ण श्रेष्ठ | एल्डर पेशल राई | एल्डर अमृत लामा | डीकन अशोक श्रेष्ठ | डीकन गोविन्द नगरकोटी |
| **आश्विन १८ गते** October 4 | एल्डर पेशल राई | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर कृष्ण श्रेष्ठ | एल्डर कृष्ण तामाङ्ग | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | एल्डर अमृत लामा | एल्डर गोपी राई | डीकन हिम लाल श्रेष्ठ |

कुराको निश्चयता गरिएको छ । विश्वासीजनहरूले आफ्नो परिश्रम, मेहनत र बलिदानको रुपमा दिनुभएको भेटी, विशेष भेटीहरूलाई राज्य विस्तारको कार्य अर्थात् मिशन, अन्य सहयोगमा खर्च गर्नुपर्नेमा यस्ता खर्चहरूबाट जोगाएर उर्वर क्षेत्रमा लगानी गर्न सकिन्छ र परमेश्वरको राज्य विस्तार कार्यमा हामी प्रगति गर्न सक्छौं । प्रभुलाई महिमा होस् ।

परमेश्वरको वचन धर्मशास्त्रमा असल र इमान्दार सेवकको रुपमा र सोही व्यवस्थापनको लागि मत्ती २५:१४-३०, १ कोरिन्थी ४:२ र भजनसंग्रह २४:१ अनुसार सर्वस्व प्रभुका हुन र हामीहरू भण्डारेहरू मात्र हौं र हाम्रो हृदयको कुरा खोजी गर्नुहुनेको अघि सबैले एकदिन हिसाब बुझाउनुपर्ने नै छ । यस कार्यमा संलग्न नेइम भित्रका र बाहिरका सम्पूर्ण मित्रहरू, कानुनी परामर्श टोली, विशेष श्री प्रकाश कार्कीज्यू र अन्य प्रत्यक्ष परोक्ष सहयोग गर्नुहुनेहरूलाई विशेष धन्यवाद दिन चाहन्छु र आगामी दिनमा गुठी सम्बन्धमा बुझ्दै र बुझाउँदै जान सकौं भनी प्रार्थनाको लागि अनुरोध गर्दछु ।

त्यसकारण अरू मित्रहरूको भिन्न विचार पनि हुन सक्छ, वैधानिकताले भरिएको विचारको सधैं कदर गर्ने प्रण गर्दै यस गुठीको बारेमा हाललाई यति लेख्ने अनुमति मागे, बाँकी आवश्यक्ताअनुसार आगामी लेखहरूमा लेखौंला । अन्त्यमा गुठी दर्ता भएबाट सबैको कल्याण र परमेश्वरको महिमा भएको होस् । धन्यवाद ॥

## जानकारी

श्रावण ३१ गते/अगष्ट १६ तारिख शनिबार नेइम पनौती चर्चको डीकन सिमोन भण्डारीलाई एल्डर अभिषेक गरियो साथै ३ जनालाई डीकन र २ जनालाई डीकनेस् नियुक्त गरियो ।

श्रावण २४ गते/अगष्ट ९ तारिख शनिबार नेइम जोरपाटी चर्चमा ६ जनाले साथै श्रावण ३१ गते/अगष्ट १६ तारिख शनिबार नेइम जोरपाटी कपन चर्चमा १० जनाले समर्पण गनुभयो ।

## अगष्ट महिनाको कार्यक्रम

१. भाद्र २२ गते/सेप्टेम्बर ७ तारिख आइतबार बिहान ९:०० बजे **नेइम बाल संगतिका शिक्षक/शिक्षिकाहरूको रीट्रिट** नेइम जोरपाटी डाँछी मण्डलीमा ।

२. आश्विन १ गते/सेप्टेम्बर १७ तारिख बुधबार बिहान १०:०० बजे **उपवास प्रार्थना** आ-आफ्नो मण्डलीमा ।

३. आश्विन १६ गते/अक्टोबर २ तारिख बिहीबार शरद सम्मेलन आ-आफ्नो समय र आ-आफ्नो मण्डलीमा ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|
| **भाद्र २८ गते** September 13 | पाष्टर घनश्याम दाहाल | श्री जीवन खालिङ | एल्डर भुवन देवकोटा | पाष्टर बर्णबास श्रेष्ठ | श्री प्रेम गुरूङ्ग | पाष्टर कर्ण तामाङ्ग | एल्डर बेन्जामिन तामाङ्ग |
| **आश्विन ४ गते** September 20 | डीकन श्रीराम सुर्खेती | डीकन अनिल चौधरी | एल्डर यमदेवी पोखेल | एल्डर बी.एन. पण्डित | श्री पदम गुरूङ्ग | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर जोरविर राई |
| **आश्विन ११ गते** September 27 | एल्डर रूद्र राई | श्री अमृत राई | डीकन कृष्ण नगरकोटी | एल्डर पिटर लिम्बू | डीकन सूर्य तामाङ्ग | डीकन अनिल आले | एल्डर बी.एन. पण्डित |
| **आश्विन १८ गते** October 4 | एल्डर नभराज के.सी. | पाष्टर शरण राई | एल्डर आनन्द न्यौपाने | पाष्टर कर्ण तामाङ्ग | एल्डर बेन्जामिन तामाङ्ग | एल्डर जोरविर राई | एल्डर छोदेन कार्थक |

## हार्दिक बधाई



श्रावण २६ गते/अगष्ट ११ तारिख, सोमबार नेइम ज्ञानेश्वर चर्चका सदस्यहरू श्री जस्टिन राई र सुश्री रोमिका राईको नेइम ज्ञानेश्वर चर्चमा विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



भाद्र १ गते/अगष्ट १७ तारिख, आइतबार नेइम ललितपुर चर्चको सदस्य श्री वचन घिमिरे र नेपाल गस्पल चर्च, हेटौंडाको सदस्य सुश्री अमी उप्रेतीको नेपाल गस्पल चर्च, हेटौंडा चर्चमा विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



भाद्र २ गते/अगष्ट १८ तारिख, सोमबार नेइम गोंगबूँ बानियाटार चर्चका सदस्यहरू श्री मदन मगर र सुश्री दिपा सुनुवारको नेइम गोंगबूँ बानियाटार चर्चमा विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### मिशनेरीहरूको लागि प्रार्थना

पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार (बेलायत), पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर) उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुर्‍याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## विशेष प्रार्थना

१. देशका उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको लागि ज्ञान-बुद्धि, एकता, मेल मिलाप मागिदिऔं ।

२. मण्डलीका सबै विश्वासीहरू पवित्र आत्माको भरपूरी र पवित्र आत्माको अगुवाइमा जिउनेहरू हुन सकून् ।

३. चाडपर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू, प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

४. प्रभुको नाउँको विरूद्ध खडा भएका र प्रभुको नाउँको खातिर प्रभुको जनहरूको विरुद्ध खडा भई दुःख-कष्ट दिने, यातना दिने, खेदो निन्दा गर्ने र सतावट दिने व्यक्तिहरूको प्रभु येशूसँग जम्का भेट हुन सकोस् र उनीहरूले पनि प्रभु येशू ख्रीष्टलाई आफ्नो प्रभु र मुक्तिदाता भनेर आफ्नो हृदयमा बोलाउन सकून् ।

५. विभिन्न देशमा पढाइ, रोजगार तथा अन्य कामको लागि जानुभएकाहरूको सुरक्षाको लागि प्रार्थना गरिदिऔं साथै विदेशमा हुनुभएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा ख्रीष्ट प्रभुलाई चिन्न सकून् ।

६. काम र पढाइको लागि विभिन्न देशहरूमा जानुभएका विश्वासीहरूले आफ्नो व्यस्तताको कारण प्रभुलाई बिर्सन नसकून् साथै कुनै न कुनै संगतिमा रहेर परमेश्वरलाई महिमा दिन सकून् ।

७. भर्माउने, प्रलोभन देखाउने, बहकाउने सबै (झूटा) शिक्षा र शिक्षकबाट मण्डलीका विश्वासीहरू सजग रहन पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।

८. नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित् भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाइ मागौं साथै सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको कमी नभएको होस् भनी प्रार्थना गरिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २२ 7<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>एज्रा ७:९-१० | २९ 14<br>देशका सम्पूर्ण मण्डलीका सेवक/सेविका साथै मण्डली परिवारको लागि सुरक्षा मागिदिऔं ।<br>भजनसंग्रह ५:११-१२ | ५ 21<br>नेइमका सबै अगुवाहरू आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>यूहन्ना १४:२६, १६:१३ | १२ 28<br>नेपालमा भएका सम्पूर्ण विश्वासीहरूको जीवनको असल साक्षीद्वारा पनि धेरै मानिसहरू प्रभुमा आउन सकून् ।<br>एफिसी ४:१७-३२ |
| **सोमबार**<br>Monday | २३ 8<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रूपमा चढाइने प्रार्थना आफ्ना विचारअनुसार मात्र होइन तर परमेश्वरको इच्छाअनुसार प्रार्थना गर्न पवित्र आत्माको अगुवाइ मागौं ।<br>१ यूहन्ना ५:१४-१५ | ३० 15<br>मण्डलीका सबै जवानहरूलाई प्रार्थनाको साथै वचनमा आधारित जीवन जिउन पवित्र आत्माले नै सहायता गरून् ।<br>भजनसंग्रह ११९:९ | ६ 22<br>येशू प्रभुलाई विश्वास गरेकाहरू साँचो अर्थमा पूर्ण रूपमा परिवर्तित जीवनमा परमेश्वरलाई पछ्याउनेहरू हुन सकून् ।<br>एफिसी ५:१-१३ | १३ 29<br>मण्डलीका सबै विश्वासीहरू आफै पनि वचनमा पाको हुँदै जानुको साथै एकअर्कालाई पनि वचनमा हुर्काउनेहरू हुन सकौं ।<br>भजनसंग्रह ११९:१-१८ |
| **मंगलबार**<br>Tuesday | २४ 9<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्रता आएको होस् ।<br>भजनसंग्रह २२:४-५ | ३१ 16<br>मण्डलीका विश्वासीहरूको जीवनमा आइपर्ने दुःख, कष्ट, सतावट तथा समस्याहरूमा स्थिर रहनको साथै समाधानको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ४६:१-११ | ७ 23<br>पढाइ र कामको क्षेत्रमा रहेका जवानहरू इमान्दार भएर परमेश्वरको साक्षीपूर्ण जीवन जिउन सकून् र उनीहरूको जीवनमा परमेश्वरको आशिष् र ज्ञान बुद्धि मागिदिऔं ।<br>हितोपदेश ९:१० | १४ 30<br>मण्डलीलाई परमेश्वरले देखाउनुभएको बाटोमा हिँड्नको लागि पवित्र आत्माको उपस्थिति र अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह २५:४-५ |
| **बुधबार**<br>Wednesday | २५ 10<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, साथै अन्य सेवा संगतिहरूमा यथाशक्य मण्डलीले भाग लिन सकून् ।<br>भजनसंग्रह २७:४ | १ असोज 17<br>आउँदा दिनहरूमा अधुरो घर परिवारमा हुनुभएकाहरू स्थिर रहन सकून् भनी प्रार्थना गरिदिऔं ।<br>हिब्रू ४:१४-१६ | ८ 24<br>दुःख-कष्ट, अभाव-घटी, पारिवारिक समस्या विभिन्न कारणले थाकेकाहरू साथै रोगी बिरामीहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४०:२७-३१ | १५२६ October 1<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>मीका ७:१८-१९ |
| **बिहीबार**<br>Thursday | २ 11<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार र स्तुति प्रशंसा गर्नुहुनेहरूको लागि प्रार्थना गरिदिऔं ।<br>१ कोरिन्थी १४:२६, १ पत्रुस ४:११ | ९ 18<br>विश्वासीहरूको जीवनमा प्रार्थना, वचन पढाई, प्रशंसा र सुसमाचार प्रचार गर्ने कुरा कहिले पनि नरोकिएको होस् ।<br>प्रेरित २:४२-४७ | १६ 25<br>पूर्व मेचीदेखि पश्चिम महाकाली, उत्तरी हिमाल, पहाडदेखि दक्षिण तराईसम्मका सम्पूर्ण मण्डलीका अगुवा साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह १०५:१४-१५ | 2<br>मण्डलीका सबै आमा बुवा तथा अभिभावकहरूले आफ्ना बाल बालिकाहरू साथै छोराछोरीहरूलाई प्रभुको प्यार, प्रेम, शिक्षा, अनुशासनमा हुर्काउन सकून् ।<br>एफिसी ६:४ |
| **शुक्रबार**<br>Friday | २७ 12<br>हामी विश्वासीहरूमा परमेश्वरको वचन पढ्ने, सुन्ने, पालन गर्ने इच्छा बढेर गएको होस् ।<br>प्रकाश १:३ | ३ 19<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२३ | १० 26<br>प्रत्येक शनिबार मण्डलीमा आउनुहुने ख्रीष्ट प्रभुलाई विश्वास नगर्नुभएका सबैले ख्रीष्ट प्रभुले दिनुहुने पाप-क्षमा र सितैंको मुक्ति विश्वासद्वारा ग्रहण गर्न सकून् ।<br>यशैया ५५:१-३ | १७ 3<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं प्रभुको उपस्थितिको चाहना लिएर आउन सकौं ताकि हामी प्रभुमा बढ्दै जान सकौं ।<br>उपदेशक ५:१-२ |
| **शनिबार**<br>Saturday | २८ 13<br>आज हुने देशभरिका आराधना सेवाहरूद्वारा एक मात्र जीवित परमेश्वरलाई महिमा होस् ।<br>भजनसंग्रह ४७:१-९ | ४ 20<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि, मात्र होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>२ कोरिन्थी ३:१८ | ११ 27<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित् भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून् ।<br>प्रेरित १:८ | १८ 4<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून् ।<br>प्रकाश ४:११ |

**उहाँले तिम्रा खुट्टा चिप्लन दिनुहुनेछैन, तिम्रो रक्षा गर्नुहुने कहिल्यै उँघ्नुहुनेछैन । साँच्ची नै इस्राएललाई रक्षा गर्नुहुनेचाहिँ न त उँघ्नुहुन्छ न सुत्नुहुन्छ । परमप्रभु तिम्रा रक्षक हुनुहुन्छ, परमप्रभु तिम्रो दाहिने हाततिरको तिम्रो छहारी हुनुहुन्छ । दिउँसो घामले तिम्रो हानि गर्नेछैन, न त जूनले राती तिम्रो कुनै हानि गर्नेछ । परमप्रभुले तिमीलाई सबै विपत्तिबाट जोगाउनुहुनेछ, उहाँले तिम्रो प्राणको रक्षा गरिदिनुहुनेछ । तिमी बाहिर जाँदा र भित्र आउँदा परमप्रभुले तिम्रो रक्षा गर्नुहुनेछ, अहिले अनि सदाकालसम्म । (भजनसंग्रह १२१:३-८)**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नंः ४५१४४८९/४५१२१७२, Email:info@nim.org.np,